"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

## नगर कार्यपालिका कार्यालय
## Office of Municipal Executive

पाँचखाल, काभ्रेपलान्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं./FY ०७९/८०
च.नं./Ref. No.: ८४४

मितिः २०७९।०७।१५

श्री वडा कार्यालय सबै,
पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक ।

विषयः पून ताकेता सम्बन्धमा।

प्रस्तुत विषयको सन्दर्भमा चालु आ.वमा नियमित भत्ता प्राप्त गर्न मिति २०७९ भाद्र मसान्तसम्ममा लाभग्राही परिचयपत्र नवीकरण गराउनुहुने लाभग्राहीहरुको मात्र प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता रकम सम्बन्धित बैंकहरुमा पठाइएको व्यहोरा अवगतै छ । MIS प्रणालीमा हालसम्म पनि १०६ जना लाभग्राहीहरुको परिचयपत्र नवीकरण गर्न बाँकी देखिएको हुनाले तोकिएको समय सीमाभित्र नवीकरण गराइसक्नु भई नवीकरण भएका लाभग्राहीहरुको प्रमाणित विवरण र नवीकरण नभएका लाभग्राहीहरुको कारण सहितको छुट्टाछुट्टै विवरण वडा समितिबाट निर्णय गराई पत्रसाथ विवरण उपलब्ध गराउनुहुन अनुरोध छ ।

सामाजिक सुरक्षा नियमावली, २०७६ (प्रथम संशोधन, २०७७) को नियम ९ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ मा कार्तिक मसान्तसम्ममा लाभग्राही परिचयपत्र नवीकरण गरिसक्नुपर्ने व्यवस्था भएकोमा तोकिएको समयसीमा भित्र पनि परिचयपत्र नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ मा उल्लेख भए अनुसार हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गरिन्छ । साथै नवीकरण गर्न बाँकी लाभग्राहीहरुको नामावली विवरण यसै पत्र साथ समावेश गरिएको व्यहोरा अनुरोध छ ।

कल्याण प्रसाद सुवेदी
अधिकृत

बोधार्थः
१. सूचना प्रविधि शाखा- वेभसाइटमा सूचना अपलोड गरिदिनुहुन ।
२. सूचना अधिकारी – सूचना गरिएको सम्बन्धमा ।